वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २९८ | २०८२ चैत्र ०६ गते शुक्रबार, नेपाल सम्वत् ११४६ March 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## बस्ति संरक्षणका लागि तटबन्धन

लमजुङको मध्यनेपाल नगरपालिका–४ को चर्दिखोला तटका बस्ति संरक्षणका लागि गरिएको तटबन्धन । भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँको कार्यक्षेत्र लमजुङ जिल्लामा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गतका सम्पन्न योजनाहरूको विहीबार कार्यालयको प्राविधिक टोलीले अनुगमन तथा निरीक्षण गरेको छ ।

*तस्विर : भञ्ज्याङ*

# १३ वर्षमा १३ हजार बढी वन डढेलोका घटना अभिलेख

**प्रगति ढकाल**/काठमाडौं

यही चैत १ देखि ७ गतेसम्म मुलुकभर वन डढेलो सप्ताह चलिरहेको छ। यही अवधिमा वन तथा भू–संरक्षण विभागले वन डढेलोसम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदनमा मुलुकमा पछिल्लो १३ वर्षको 'स्याटेलाइट' तथ्याङ्क अनुसार डढेलोको जोखिम बढिरहेको उल्लेख छ ।

विभागको तथ्याङ्कमा विसं २०७० देखि २०८२ सम्म देशभर १३ हजार ६२२ वटा वन डढेलो घटना अभिलेख भएका छन् । वन डढेलो गम्भीर वातावरणीय चुनौतीका रूपमा देखिएको छ। प्रतिवेदन अनुसार नेपालमा वन डढेलो मौसमी प्रकृतिको देखिन्छ। कूल घटनामध्ये करिब ८९ प्रतिशत वन डढेलो फागुनदेखि वैशाखसम्म भएका छन्। त्यस अवधिमा समयमा लामो सुख्खा, न्यून आर्दता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन, वन क्षेत्रमा मानव गतिविधि वृद्धिका कारण वन डढेलोको जोखिम बढी हुने उल्लेख छ ।

वैशाख महिनामा कूल घटनाको करिब ५७.७ प्रतिशत वन डढेलो भएको जनाइएको छ । विसं २०७३ लाई सबैभन्दा गम्भीर वन डढेलो वर्षका रूपमा देखाइएको छ । विसं २०७८ र २०८१ मा उल्लेख्य संख्यामा डढेलोका घटना अभिलेख गरिएका छन् ।

विभागको विश्लेषणात्मक प्रतिवेदनअनुसार विसं २०८२ वैशाख १ देखि फागुन २९ सम्म देशभर कम्तीमा २८२ वटा डढेलोका घटना अभिलेख भएका छन् । प्रतिवेदनअनुसार गत वैशाख १ देखि फागुन २९ सम्म वन डढेलो देशका सातै प्रदेशमा फैलिएको भए पनि सुदूरपश्चिम प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ । सो प्रदेशमा मुलुकको कूल घटनाको करिब एक तिहाइ अर्थात् ३३ दशमलव ३ प्रतिशत वन डढेलो गएको थियो । प्रदेशगत रूपमा बागमतीमा १९.१ र कर्णालीमा



१६.७, गण्डकी प्रदेशमा ९.६, लुम्बिनी प्रदेशमा ८.९, कोशी प्रदेशमा ८.२ र मधेश प्रदेशमा ४.३ प्रतिशत वन डढेलोका घटना भएका छन्।

सोही अवधिमा जिल्लागत रूपमा कञ्चनपुर सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ । त्यहाँ ४१ वटा डढेलो घटना अभिलेख भएका छन्। चितवनमा २७, कैलालीमा १९ र सुर्खेतमा १८ घटना देखिएका छन् । वन तथा भू–संरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले डढेलोको बढ्दो जोखिमलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका निकायहरु, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम तथा स्थानीय समुदायबीच समन्वय अनिवार्य रहेको बताउनुभयो ।

"वन डढेलो व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो", उहाँले भन्नुभयो । महानिर्देशक प्रधानले डढेलो रोकथाम, शीघ्र सूचना आदानप्रदान, समयमै नियन्त्रण तथा जनचेतना अभिवृद्धिमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेकामा जोड दिनुभयो ।

**जैविक विविधतामाथि खतरा**

मुलुकका विभिन्न संरक्षित क्षेत्रमा पछिल्लो समय डढेलोका घटना बढ्दै गएको छ । विभागको प्रतिवेदन अनुसार गत वैशाख १ देखि फागुन २९ सम्म संरक्षित क्षेत्रमा कूल ८२ वटा डढेलोका घटना दर्ता भएका छन् । सबैभन्दा धेरै डढेलोका घटना चितवन राष्ट्रिय निकुञ्जमा देखिएको छ । त्यहाँ मात्र २७ वटा डढेलोका घटना भएको उल्लेख छ। त्यसपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा २४ र कोशी टप्पु वन्यजन्तु आरक्षमा १२ डढेलोका घटना दर्ता भएका छन् । यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा ६, अन्नपूर्ण संरक्षण क्षेत्रमा ५, बाँके राष्ट्रिय निकुञ्जमा ३, मनास्लु संरक्षण क्षेत्रमा ३ र ढोरपाटन सिकार आरक्षमा २ वटा डढेलोका घटना भएका थिए । संरक्षित क्षेत्रमा डढेलो पुग्नु जैविक विविधता संरक्षणका दृष्टिले गम्भीर मानिन्छ । वन्यजन्तुको बासस्थान, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा यसको प्रत्यक्ष असरपर्ने गर्छ ।

वन्यजन्तु कोषका नेपाल प्रतिनिधि डा घनश्याम गुरूङले पछिल्लो समय संरक्षित क्षेत्र आसपासका वन क्षेत्रमा देखिएका डढेलोका घटनाले वन्यजन्तु र प्राकृतिक स्रोतसाधनमा गम्भीर असर पार्न सक्ने बताउनुभयो । उहाँले यसलाई समयमै नियन्त्रण गर्न आवश्यक रहेकामा जोड दिनुभयो।

"वनमा आगलागी हुँदा मानवीय क्षति कम गर्ने उपायलाई प्राथमिकतामा राख्नुपर्छ । साथै डढेलो नियन्त्रणका लागि व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने, वन क्षेत्रमा 'फायर लाइन' विस्तार गर्नुपर्ने र स्थानीयस्तरमा तालिम तथा तयारी बढाउनुपर्ने आवश्यकता छ", गुरूङले भन्नुभयो, "पानीका स्रोतहरूको संरक्षण, आगलागी नियन्त्रणका लागि आवश्यक

*बाँकी अन्तिम पेजमा*

# धानको बीउ उत्पादन प्रवर्द्धनका लागि अनुदानमा कृषकलाई मिनिटेलर र त्रिपाल वितरण

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका–९ को कृषकहरूलाई अनुदानमा कृषि सामाग्रि वितरण गरिएको छ। आत्मनिर्भर कृषि उत्पादनलाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको "धानको बीउ उत्पादन कार्यक्रम, २०८२/०८३" अन्तर्गत कृषकहरूलाई कृषि सामग्री हस्तान्तरण गरिएको हो ।



स्वीकृत कार्यक्रमअनुसार सुनौलो नयाँ गोरेटो कृषि सहकारी संस्था लिमिटेड, व्यास नगरपालिका–९ गजौडे र कृषि विकास कार्यालय दमौली, तनहुँबीच भएको सम्झौताअनुसार कृषकहरूलाई ७५ प्रतिशत अनुदानमा सामग्री वितरण गरिएको हो ।

कार्यक्रम अन्तर्गत ५ वटा मिनिटेलर (जोत्ने मेसिन) र ५ वटा धान सुकाउने त्रिपाल कृषकहरूलाई हस्तान्तरण गरिएको सहकारीले जनाएको छ। आधुनिक कृषि उपकरणको प्रयोगमार्फत उत्पादन वृद्धि र बीउ उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य राखिएको छ ।

सामग्री हस्तान्तरण कार्यक्रममा कृषि विकास कार्यालयका प्रमुख तथा बाली विकास अधिकृतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो। सहभागीहरूले यस्ता कार्यक्रमले कृषकहरूको उत्पादन क्षमता वृद्धि हुनुका साथै कृषि पेशाप्रति आकर्षण बढाउने विश्वास व्यक्त गरेका छन् ।

कार्यक्रममार्फत स्थानीय स्तरमै गुणस्तरीय धानको बीउ उत्पादन गरी बाह्य निर्भरता घटाउने र कृषकको आम्दानी वृद्धि गर्ने अपेक्षा गरिएको छ ।

**उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।**

# सम्पादकीय ............

www.bhanjyangnews.com

## कृषि उपजको बिक्री वितरण थलो 'हाटबजार'

तनहुँको आँवुखैरेनी गाउँपालिकाले सुरू गरेको कृषि हाटबजारले ग्रामीण जीवनशैलीमा नयाँ उर्जा थपिदिएको छ। एकातिर गाउँले कृषकले उत्पादन गरेका उपजलाई बजारमा ल्याउन सहज भएको छ भने अर्कोतिर उपभोक्ताले अर्गानिक र ताजा उत्पादन सहजै पाउन थालेका छन्। वि.सं. २०८० फागुनदेखि सञ्चालनमा आएको हाटबजारले अल्प समयमै कृषक र उपभोक्ता दुवैलाई प्रत्यक्ष रूपमा जोड्न सफल भएको तथ्यले यसको महत्वलाई प्रस्ट पार्छ । यसअघि प्रत्येक शुक्रबार मात्र सञ्चालन हुँदै आएको हाटबजारलाई सोमबार पनि सुरू गरिएको छ । वडा नं. २ स्थित सिद्धी गणेश टोल बसपार्क क्षेत्रमा भदौ ३० गतेदेखि सोमबार पनि गरी हप्तामा दुई दिन हाट सुरू गरिएको छ । यसले न केवल उत्पादनको बजार विस्तार गर्नेछ, बरू कृषकलाई थप अवसर र उपभोक्तालाई विकल्प पनि दिनेछ । हाटबजारको सफलता यसको जरा गाउँमै गाडिएको छ। खेतबारीमै उत्पादन भएको महदेखि लिएर सिस्नो, गिट्ठा, बेथेको साग, अमला, दही, मोहीजस्ता रैथाने सामग्रीले बजारमा स्थान पाएका छन्। यी उत्पादनहरूले हराउँदै गएको संस्कृतिलाई पुनर्जीवित गर्ने मात्र होइन, कृषकलाई आम्दानीको नयाँ आधार पनि बनेका छन्। पहिले कुहिएर फालिने अमला, चौपायालाई मात्र खुवाइने टाँकीको मुन्टा वा सिस्नोजस्ता उपज आज बजारमा पैसा कमाउने स्रोत बनेका छन्। यस्तो दृश्यले हाम्रो समाजलाई पुरानो हाटबजार संस्कृतितर्फ फर्काएको छ। किसानले घरघर घुमेर बेच्नुपर्ने अवस्था हटेको छ। बरू उपभोक्ता आफैं उत्पादन खोज्दै बजारमा आउने परम्परा फेरि फर्किएको छ। यो क्रमले कृषकलाई सम्मान र उपभोक्तालाई सहजता दुवै दिएको छ।

उपभोक्ताको दृष्टिकोण पनि यति नै महत्त्वपूर्ण छ। उपभोक्ताले गाउँको स्वादलाई प्राथमिकता दिइरहेका छन्। उपभोक्ताले अर्गानिक उत्पादनलाई केवल स्वादका लागि मात्र होइन, स्वास्थ्य र जीवनशैलीको दृष्टिले पनि महत्त्वपूर्ण ठानेका छन्। यसरी हाटबजारले कृषकलाई आम्दानी र उपभोक्तालाई गुणस्तरीय विकल्प दिने 'दोहोरो लाभ' प्रणाली स्थापित गरेको छ। हाटबजार केवल तरकारी र फलफूलमा सीमित छैन। बाँसका चोयाका भाँडा, आरनमा बनेका सामग्री, रैथाने परिकार र अर्गानिक महजस्ता वस्तुले स्थानीय सीप र संस्कृतिको संरक्षणसमेत गरेका छन्। यसरी हाटबजार उत्पादन मात्र होइन, संस्कृति र कारीगरिताको पनि केन्द्र बन्दै गएको छ। आँबुखैरेनी गाउँपालिकाले सुरू गरेको यो अभियान विकासको नीतिगत पक्षसँग पनि जोडिएको छ। हाटबजारले 'विचौलिया–मुक्त' व्यापार गर्ने अवसर दिएको छ। यसले कृषकलाई आफ्नो उत्पादनको उचित मूल्य पाउन र उपभोक्तालाई सस्तो मूल्यमा वस्तु किन्न सहज बनाएको छ। अझ राम्रो कुरा, नबिकेका सामान गाउँपालिकाले जिम्मा लिएर बिक्री गर्ने व्यवस्था मिलाएको छ। यसले कृषकलाई जोखिम कम गरिदिएको छ र उनीहरूको आत्मविश्वास बढाएको छ। तर, हाटबजारको दायरा विस्तारसँगै केही चुनौती पनि छन्। पहिलो, उत्पादनको स्थायित्व। हरेक हप्ता पर्याप्त उत्पादन बजारसम्म पुऱ्याउन सक्ने प्रणाली अझै निर्माण हुन बाँकी छ। दोस्रो, गुणस्तर नियन्त्रण। अर्गानिक उत्पादनको नाममा बजारमा कम गुणस्तरीय सामग्री नपस्ने सुनिश्चितता आवश्यक छ। तेस्रो, पूर्वाधार। सडक, भण्डारण, शीतगोदाम, सरसफाइजस्ता आधारभूत पूर्वाधार बलियो नगरेसम्म हाटबजार दीर्घकालीन रूपमा टिकाउ बन्न सक्दैन।

अर्को पक्ष, उपभोक्ता आकर्षण हो। अहिले गाउँपालिकाको सीमा मात्र नभई आसपासका गाउँ र नगरका उपभोक्ता पनि आकर्षित भएका छन्। तर दीर्घकालीन रूपमा उपभोक्ता निरन्तर खिचिराख्न हाटबजारलाई व्यवस्थित र आधुनिक बनाउनुपर्ने हुन्छ। बजार क्षेत्रलाई स्वच्छ, सुरक्षित र आकर्षक बनाउनुपर्ने आवश्यकता छ। साथै, यसरी सुरू भएको हाटबजारलाई केवल आँबुखैरेनीसम्म सीमित राख्ने हो भने यसको प्रभाव क्षेत्रीय वा राष्ट्रिय स्तरमा देखिँदैन। अन्य स्थानीय तहहरूले पनि यसलाई उदाहरणका रूपमा लिएर आफ्ना क्षेत्रमा विस्तार गर्नुपर्छ। यसरी मात्र कृषकलाई 'गाउँमै रोजगारी, गाउँमै आम्दानी' दिने दीर्घकालीन लक्ष्य पुरा हुन्छ। हाम्रो ग्रामीण समाजमा किसानहरूलाई धेरैपटक 'उत्पादन त गर्छन् तर बजार छैन' भन्ने गुनासो सुन्न पाइन्छ। आँबुखैरेनी हाटबजारले त्यो गुनासोको व्यवहारिक उत्तर दिएको छ। अब यो उत्तरलाई दीर्घकालीन, व्यवस्थित र स्थायी बनाउन आवश्यक छ। समाजले देखाएको चासोले प्रष्ट पार्छ–हाम्रो देशको आर्थिक रूपान्तरणको आधार कृषिमा नै छ। कृषकलाई सम्मान गर्ने, उत्पादनलाई मूल्य दिने, र उपभोक्तालाई अर्गानिक स्वाद दिने यो अभियानले आत्मनिर्भर अर्थतन्त्रको बाटो खोल्छ। हाटबजार अब केवल साप्ताहिक व्यापारिक गतिविधि मात्र होइन, ग्रामीण अर्थतन्त्रको धड्कन बनेको छ। त्यसैले, आँबुखैरेनीको यो अभ्यासलाई दीर्घकालीन योजनासँग जोड्नु अपरिहार्य छ। कृषि उत्पादन, बजारीकरण, पूर्वाधार, गुणस्तर नियन्त्रण र सामाजिक सहभागिता– यी सबैलाई एकैसाथ अघि बढाउँदा मात्र हाटबजारले नेपालको ग्रामीण अर्थतन्त्रलाई स्थायी आधार दिन सक्छ। गाउँको बारीदेखि हाटबजारसम्मको यो यात्रा केवल उत्पादनको बिक्री होइन, आत्मनिर्भर र न्यायपूर्ण अर्थतन्त्रको सुरूवात हो। अब यो यात्रा निरन्तर, सशक्त र दीर्घकालीन बनाउन राज्य, स्थानीय सरकार, संघ–संस्था र उपभोक्ता सबैको साझेदारी अपरिहार्य छ।


# २०० डलर पुग्ला कच्चा तेलको मूल्य?

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि आक्रमण सुरू गरेलगत्तै विश्लेषकहरूले विश्व बजारमा तेलको मूल्य १०० डलर नाघ्ने चेतावनी दिएका थिए । युद्ध सुरू भएको तीन साताभन्दा कम समयमै अवस्था गम्भीर बनेको छ । ऊर्जा बजारका जानकारहरूले अब कच्चा तेलको मूल्य १५० डलर होइन, २०० डलरसम्म पुग्ने सम्भावना देखेका छन् । मार्च ९ मा कच्चा तेलको मूल्य झण्डै १२० डलरमा पुगेको थियो ।

मार्च १३ देखि यो लगातार १०० डलरभन्दा माथि नै कायम छ । पछिल्लो पटक मार्च १८ मा इजरायलले इरानको साउथ पार्स ग्यास क्षेत्रमा आक्रमण गरेपछि अवस्था थप चर्किएको हो । त्यसको प्रतिउत्तरमा इरानले कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सका देशहरूले भने इरानसँग छुट्टाछुट्टै समझदारी गर्दै आफ्ना जहाजहरु सुरक्षित पार गराउने प्रयास गरिरहेका छन् । ऊर्जा विश्लेषक वन्दना हरिका अनुसार पश्चिम एशियाका ओमान र दुबईका कच्चा तेलका मूल्यहरु पहिले नै १५० डलर नाघिसकेका छन् । २०० डलरको स्तर टाढाको लक्ष्य नभएको जस्तै देखिन थालेको उनी बताउँछिन्। तेलको मूल्य अब कति माथि जान्छ भन्ने कुरा लगभग पूर्ण रूपमा स्ट्रेट अफ हर्मुज कति समयसम्म बन्द रहन्छ भन्नेमा निर्भर रहेको उनले बताइन् ।

यसबिच अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए)को समन्वयमा विभिन्न देशहरूले आ–आफ्नो रणनीतिक भन्डारबाट निकालेर ४० करोड ब्यारेल तेल बजारमा ल्याउने निर्णय गरेका छन्। तर विज्ञहरूका अनुसार यो परिमाणले जलमार्ग अवरूद्ध हुँदा हुने छ । उनले यस अवस्थालाई विगतको खाडी युद्धभन्दा पनि गम्भीर हुन सक्ने बताए, किनकि अहिले विश्व आपूर्ति संरचना झन् संवेदनशील अवस्थामा छ। तेलको मूल्य १५० डलर वा त्योभन्दा माथि पुग्नुले विश्व अर्थतन्त्रमा गहिरो असर पार्ने निश्चित छ। बुहपक्षीय कर्जादाता निकाय आईएमएफका अनुसार तेलको मूल्य १० प्रतिशतले बढ्दा एक वर्षभित्र विश्वव्यापी मुद्रास्फीति शून्य दशमलव ४ प्रतिशतले बढ्छ । यस कारण आर्थिक वृद्धिदर शून्य दशमलव १५ प्रतिशतले घट्छ ।

इतिहासमा ब्रेन्ट क्रुडको उच्चतम मूल्य २००८ को विश्व आर्थिक संकटताका १४७ डलर ५० सेन्टमा पुगेको थियो । महँगीसँग समायोजन गर्दा आज त्यो मूल्य झन्डै २२४ डलर हुन्छ । त्यसैले अहिलेको परिस्थिति झन भयावह बन्न सक्ने संकेत



तेल तथा ग्यास संरचनाहरूमा आक्रमण गर्दा मूल्य फेरि उकालो लाग्दै १०८ डलरभन्दा माथि पुगेको छ ।

विशेषज्ञहरूका अनुसार तेल मूल्यको भविष्य अब मुख्यतः स्ट्रेट अफ हर्मुजको अवस्थामाथि निर्भर छ । विश्वको झन्डै २० प्रतिशत तेल आपूर्ति यही जलमार्ग हुँदै हुने भएकाले यसको अवरोधले विश्व अर्थतन्त्रमा गम्भीर प्रभाव पार्न सक्छ । युद्ध सुरू भएपछि इरानले उक्त स्ट्रेटमा बन्द गरेको घोषणा गर्दै त्यहाँबाट गुज्रिने जहाजहरूलाई आक्रमण गर्ने चेतावनी दियो। त्यसपछि त्यहाँबाट जहाज आवतजावत लगभग ठप्पजस्तै भएको छ । विशेषगरी भारत, पाकिस्तान, टर्की र चीनका गरेर केही सीमित जहाजहरु मात्र सुरक्षित यो जलमार्ग भएर गइरहेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलमार्ग पुनः खोल्न अन्तर्राष्ट्रिय सहयोग जुटाउने प्रयास गरे पनि उल्लेखनीय समर्थन पाउन सकेका छैनन् । विभिन्न आपूर्ति कमीलाई पूर्ण रूपमा पूर्ति गर्न सक्दैन ।

सिंगापुरस्थित ओसीबीसी समूह अनुसन्धानले विश्व बजारमा यतिबेला दैनिक करिब १ करोड ब्यारेल तेलको अभाव भइरहेको अनुमान गरेको छ । यस्तो अवस्थामा बजारमा माग र आपूर्तिबिचको असन्तुलन अझ गहिरिने देखिएको छ । ऊर्जा परामर्श कम्पनी वुड म्याकेन्जीका विश्लेषकहरूले केही दिनअघि नै ब्रेन्ट क्रुड १५० डलर पुग्ने र २०० डलर पुग्नु पनि असम्भव नभएको बताएका थिए । इरानले पनि विश्वलाई यस्तो मूल्यवृद्धिका लागि तयार रहन चेतावनी दिएको छ ।

तेल तथा ग्यास उद्योगसम्बद्ध अनलाइन संसाधन कम्पनी रिगजोनका अध्यक्ष च्याड नर्भिलका अनुसार स्ट्रेट अफ हर्मुज लामो समयसम्म अवरूद्ध रह्यो भने तेलको मूल्य २०० डलर नजिकसम्म पुग्न सक्ने सम्भावना प्रबल देखिएको छ । अक्सफोर्ड विश्वविद्यालयका ऊर्जा विशेषज्ञ आदी इम्सिरोभिकका अनुसार प्रतिब्यारेल २०० डलर तेल मूल्य विश्व अर्थतन्त्रका लागि ठुलो ब्रेक सावित हुनेछ । 'यसले मुद्रास्फीति, आर्थिक वृद्धि, रोजगारी सबैमा असर पार्नेछ र कतिपय अवस्थामा इन्धन मात्र होइन, मल, प्लास्टिकजस्ता वस्तुहरूको अभाव पनि हुन सक्छ', उनले भने ।

यद्यपि सबै विश्लेषकहरु यति निराशावादी छैनन् । लन्डनस्थित मारेक्सका ऊर्जा विश्लेषक साशा फोसले २०० डलर मूल्यलाई अलि अतिशयोक्तिपूर्ण ठानेका छन् । उनका अनुसार अमेरिका, क्यानडा, अर्जेन्टिना, ब्राजिल र गुयानाजस्ता देशहरूले उत्पादन बढाइरहेका छन्, जसले आपूर्ति सन्तुलनमा सहयोग पुयाउन सक्छ। त्यस्तै साउदी अरेबियाको पूर्व–पश्चिम पाइपलाइनजस्ता वैकल्पिक आपूर्ति मार्गहरूले पनि केही राहत दिन सक्ने उनको भनाइ छ । एजेन्सी

# विदेशी खेलाडीले श्रम स्वीकृति लिएर मात्र खेल्न पाउने

रासस/काठमाडौं

अध्यागमन विभागले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई कुनै पनि खेलमा विदेशी खेलाडीलाई समावेश गराउँदा कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउन अनुरोध छ। अध्यागमन विभागले विहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै एन्फाबाट सञ्चालित राष्ट्रिय महिला/पुरूष लिग फुटबल प्रतियोगितामा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीहरूलाई समावेश नगराउन आग्रह गरेको हो ।

एन्फाबाट सञ्चालन भएको राष्ट्रिय महिला/पुरूष लिग फुटबल खेलमा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीलाई समेत समावेश गरेको भन्ने व्यहोराको उजुरी यस विभागमा प्राप्त हुन आएको छ । तसर्थ कुनै पनि खेलमा विदेशी खेलाडीहरूलाई समावेश गराउनुपर्ने भएमा नियमानुसार कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउनुहुन अनुरोध छ विज्ञप्तिमा उल्लेख गरेको छ।

विभागले यस विषयमा आजैदेखि अनुगमन प्रारम्भ गरेको समेत जनाएको छ । स्वीकृति नलिएका विदेशी खेलाडीहरु भिसाको उद्देश्य विपरीत कुनै पनि खेलमा सहभागी भएको पाएमा तत्काल कारबाही अगाडि बढाइने विज्ञप्तिमा जनाएको छ ।

## तपाईको आज

**मेष**
आत्मबल उच्च रहनेछ। नयाँ योजना र अवसरका लागि अनुकूल छ। व्यावसायिक क्षेत्रमा लाभ कमाउने सम्भावना छ।

**वृष**
अनावश्यक काममा समय र धन खर्च हुन सक्छ। तर, पारिवारिक भेटघाट वा धार्मिक कार्यमा सहभागी हुने दिन हुनेछ।

**मिथुन**
पुराना साथी वा नजिकका व्यक्तिबाट सहयोग हुनेछ। रोकिएका काम बन्ने सम्भावना छ। धन प्राप्तिको योग बलियो छ।

**कर्कट**
जिम्मेवारी बढ्नेछ। योजनाबद्ध ढंगले काम गरे सफल हुनुहुनेछ। तर, स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ।

**सिंह**
नयाँ कुरा सिक्ने वा नयाँ स्थान भ्रमण गर्ने मौका आउन सक्छ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ।

**कन्य**
घरपरिवारमा केही उतार–चढाव देखापर्न सक्छ। वादविवादबाट टाढा रहनु उत्तम हुनेछ।

**तुला**
भाग्य प्रबल रहनेछ। व्यापार तथा कारोबारमा नाफा कमाउन सकिने दिन छ। वैवाहिक जीवनमा खुसीयाली बढ्नेछ।

**वृश्चिक**
आज व्यावसायिक निर्णयमा सावधानी अपनाउनुहोस्। स्वास्थ्यमा समस्या आउन सक्छ। तर, श्रमले सकारात्मक नतिजा ल्याउनेछ।

**धनु**
आज आत्मबल बढ्नेछ। प्रेम सम्बन्धमा प्रगाढता आउनेछ। कार्यक्षेत्रमा सफलता प्राप्त हुनेछ।

**मकर**
आर्थिक पक्ष कमजोर देखिन्छ। परिवारभित्र असमझदारी आउन सक्छ। तर, मिहिनेत गर्दा समस्या समाधान हुनेछ।

**कुम्भ**
भाग्यले साथ दिनेछ। र ोकिएका काम बन्ने सम्भावना छ। व्यापार–व्यवसायमा लाभ कमाउन सकिनेछ।

**मीन**
अध्ययन र अनुसन्धानमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ। नयाँ विचार वा योजना कार्यान्वयन गर्न उपयुक्त समय छ ।




## अन्याय विरुद्ध एक जुट हौं

बलात्कारपछि हत्या गरिएकी सुर्खेतकी १६ वर्षीया इनिशा विकलाई न्याय माग गर्दै सुनचाँदी व्यवसायी महासंघ तनहुँले बिहीबार दमौलीमा गरेको विरोध प्रदर्शनका सहभागिहरू । सहभागिहरूले अन्याय विरुद्ध एक जुट हौं, बलत्कारीलाई कारबाही गर, हत्यारालाई कारबाही गर लेखिएका प्लेकार्ड र नाराबाजी गर्दै दमौली बजार परिक्रमा गरी प्रशासन चोकमा विरोध सभा गरेका थिए ।

*तस्विर : भञ्ज्याङ*

# चितवनमा रगतको चरम अभाव

रासस/चितवन

जिल्लामा रगतको चरम अभाव भएको छ । यससँगै नेपाल रेड्क्रस सोसाइटी चितवन शाखाले रक्तदानका कार्यक्रम गरिदिन अपिल जारी गरेको छ । शाखाका सभापति हरिप्रसाद पौडेलद्वारा जारी अपिलमा जिल्लाका अस्पतालमा उपचारार्थ आएका बिरामीको उपचारका लागिसमेत रगतको अभाव भएकाले रक्तदान गर्नका लागि अपिल गरिएको छ । निर्वाचनपछि रक्तदानका कार्यक्रम नहुँदा जिल्लामा रगतको अभाव भएको अपिलमा उल्लेख छ । अहिले जिल्लामा दैनिक १५० हाराहारी यूनिट रगतको माग हुने गर्दछ ।

रक्तदानका कार्यक्रम न्यून मात्र भएपछि माग अनुसार रगत पूर्ति हुन नसकेको हो । शाखाले यहाँ सञ्चालन गरेको प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरमा र ठूला अस्पतालमा रहेका इकाईमा बिरामीका आफन्त आएर रक्तदान गर्ने गरेका छन् । बाहिरबाट आएका बिरामीको उपचार रगतका कारण रोकिन थालेको छ ।

केन्द्रका प्रमुख रमेशकान्त पौडेलका अनुसार अहिले केन्द्रमा रगत नहुँदा बिरामीका आफन्त र स्वयमसेवी रक्तदाताहरुको सहयोगमा रगतको मागपूर्तिको प्रयास गरिँदै आएको छ । यहाँ रहेका ठूला दुई मेडिकल कलेज, भरतपुर अस्पताल, क्यान्सर अस्पताल सहितका शल्यक्रिया हुने अस्पतालमा रगतको अभाव हुँदा आकस्मिक रूपमासमेत रगत पुऱ्याउन कठिन भएको उहाँले बताउनुभयो । क्यान्सरका बिरामीलाई धेरै रगतको आवश्यक पर्दछ । यस्तै सुत्केरी र दुर्घटनाका घाइते सहितलाई गरिने शल्यक्रियाका क्रममा रगतको आवश्यक हुने गर्दछ ।

निर्वाचनपछि ठूलो वनेको रास्वपाका भातृसंस्था छैनन् भने अन्य पार्टी र तीनका भातृ एवं शुभेच्छुक संस्थाले रक्तदानका कार्यक्रम नगर्दा पनि रगतको अभाव भएको पौडेलले बताउनुभयो ।

bhanjyangnews.com

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

मिति २०८२/१२/०४ गते व्यास नगर कार्यपालिकाको २३३ औं वैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यू को अध्यक्षतामा सम्पन्न भयो । उक्त वैठकमा उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, सवै १४ वडा का अध्यक्षहरु, कार्यपालिका सदस्यहरु र सम्बन्धित शाखा, उप-शाखा प्रमुखहरुको उपस्थितिमा भएको मुख्य मुख्य निर्णयहरु सम्बन्धित सवैको जानकारीका लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ ।

१. मिति २०८२/११/१० गते भएको २३२ औं कार्यपालिका वैठक र कार्यालयको सेवा प्रवाहको समिक्षा गरियो ।
२. व्यास नगरपालिकाको ३४ औं स्थापना दिवस चैत्र ३० गते विविध कार्यक्रमका साथ विहान ११ वजे दमौली सभा कक्षमा आयोजना गर्ने गरि भएका विभिन्न समिति उप-समितिको तयारी सम्बन्धमा समिक्षा गरियो ।
३. व्यास नगरपालिकाको आ.व.०८२/०८३ मा प्रक्षेपित कुल रु १,७२५,२०४,५००/ (अक्षरुपी एक अरब वहत्तर करोड बाउन्न लाख चार हजार पाँच सय) मध्ये संघ, प्रदेश, राजश्व बाँडफाँड आन्तरिक श्रोतबाट फाल्गुन मसान्त सम्म रु ८४,०३,७८,११०/०४ (अक्षरुपी चौरासी करोड तिन लाख अडहत्तर हजार एक सय दश रुपैया चार पैसा) आय प्राप्त (४८.७१%) रहेको चालु तर्फ (५१.२७%) र पुँजीगत तर्फ (२१.८३%) खर्च भई कुल खर्च (३८.०७%) भएको वैठकमा जानकारी प्राप्त भई पुंजीगत खर्च र योजनाहरु को भौतिक प्रगती तर्फ सम्बन्धित निर्माण व्यवसायी लगाएत जिम्मेवार पक्षलाई ध्यानआकर्षण गराउने निर्णय गरिन्छ ।
४. व्यास नगरपालिका अन्तरगतका गरिवी भई परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रमलाई नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ संग सहकार्य भई तयार गरिएको विवरणलाई प्रकाशित गर्ने र गरिवका परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ (पहिलो संशोधन सहित) वमोजिम परिचय पत्र सम्बन्धमा आएका गुनासोहरुलाई सम्बोधन गर्न उप-प्रमुख श्री ईन्दिरा दरै को अध्यक्षतामा नगर स्तरिय र सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरिय गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो ।
५. नगरपालिकाले दोस्रो चौमासिक अवधि सम्म सम्पादन गरेको सेवा र कार्यका सम्बन्धमा आम नागरिकलाई जानकारी गराउने उद्देश्यले मिति २०८२/१२/२० गते व्यास-७ कलेस्ती वडा कार्यालयमा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।
६. बाँकी रहेका जमिनलाई उपयोग गर्ने उद्दश्यले नेपाल सरकारको स्वीकृतीमा भूमी बैंक स्थापना हुन लागेकाले सो सम्बन्धी कार्यविधी २०८२ निर्माण गरियो ।
७. व्यास नगर प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधी २०८१ संशोधन गर्ने निर्णय गरियो ।
८. व्यास नगरपालिकाको राजश्व संभाव्यता अध्ययन, वित्तिय साक्षरता, अध्यावधिक योजना २०८२-२०८६ को अवधारणागत वैठकमा प्रस्तुत भई वित्तिय साक्षरता र आवधिक योजना सम्बन्धमा सवै वडा हरुमा अभिमूखिकरण गर्ने गराउने निर्णय गरियो ।
९. यस नगरपालिकाको सुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी वनाउन नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने र प्रमुख प्रशासकिय अधिकृत श्री सुकदेव लम्साल का वीचमा कार्य सम्पादन सम्झौता सम्पन्न भयो ।

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ ।

स्वस्थ शारीरिक तौल कायम गरौं
चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं
शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल




विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

चैत ०६ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

चैत्र ०७ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ चैत्र ०६, शुक्रबार
March 20, 2026



**सडक स्तरोन्नती गरिदै :** तनहुँको भानु नगरपालिका-१२ र १३ जोड्ने गाउँ सेवाकोष मोटर मार्ग स्तरोन्नती कार्य गरिदै । गण्डकी प्रदेश सरकारबाट विनियोजित भ्याट बाहेक २ करोड २० लाख ७० हजार ८२० रुपैयाँको लागतमा आगामि असार १० गतेसम्म सडक स्तरोन्नती गर्ने गरी निर्माण व्यवसायीसंग ठेक्का सम्झौता गरिएको छ । *तस्विर : भञ्ज्याङ*

# १३ वर्षमा १३ हजार .....

साधनस्रोतको व्यवस्था तथा प्रभावकारी प्रचारप्रसारमार्फत समुदायलाई सचेत बनाउनु अत्यन्त महत्वपूर्ण छ ।"

संरक्षित क्षेत्रमा डढेलो पुग्नुले वन्यजन्तुको बासस्थान, जैविक विविधता र पारिस्थितिक प्रणालीमा दीर्घकालीन असर पार्न सक्ने भएकाले सरोकारवाला निकायले समयमै समन्वय र प्रभावकारी व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ । विभागको तथ्याङ्क अनुसार यस वर्ष पुसमा ३६, माघमा ३५ र फागुनमा ५० डढेलोका घटना अभिलेख भएका छन् । वन डढेलोका करिब ९० प्रतिशतभन्दा बढी घटना वैशाख, पुस, माघ र फागुन महिनामा केन्द्रित रहेको प्रतिवेदनले देखाएको छ ।

**तराई-चुरे र मध्यपहाडी क्षेत्र उच्च जोखिममा**

स्थानगत विश्लेषणले तराई-चुरे क्षेत्र तथा मध्यपहाडी वन क्षेत्र वन डढेलोको दृष्टिले सबैभन्दा संवेदनशील देखाएको छ । विशेष गरी सुदूरपश्चिमको तराई-चुरे क्षेत्र, चितवन-मकवानपुर वन क्षेत्र, सुर्खेत आसपासका वन क्षेत्र तथा बर्दिया-बाँके तराई क्षेत्रमा डढेलो बढी केन्द्रित भएको पाइएको छ । राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिका सदस्य कमला ओली सिवाकोटीले चुरे क्षेत्रमा सञ्चित सुख्खा इन्धन पदार्थ, लामो सुख्खा अवधि, न्यून आर्दता र मानव गतिविधिको वृद्धि वन डढेलो बढ्नुका प्रमुख कारण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी सरोकारवालासँग र सम्बन्धित इकाइहरूसँग समन्वय गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका छौँ, ताकि समुदायस्तरमै डढेलो रोकथामका उपायहरु बुझ्न र लागू गर्न सकुँ ।" तर, चुरेमा प्रभावकारी डढेलो नियन्त्रण कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट नहुनु मुख्य चुनौती रहेको उहाँले औँल्याउनुभयो ।

**पूर्वतयारी र समुदायको भूमिका आवश्यक**

नेपालमा अधिकांश वन क्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेकाले वन डढेलो नियन्त्रणमा स्थानीय समुदाय र वन उपभोक्ता समूहको भूमिका महत्वपूर्ण मानिएको छ । सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले डढेलो नियन्त्रणका लागि पूर्वतयारी र व्यापक सचेतना आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार वन क्षेत्रमा इन्धन व्यवस्थापन, प्रारम्भिक चेतावनी प्रणालीको विकास तथा समुदायको सक्रिय सहभागिता बिना डढेलो नियन्त्रण प्रभावकारी हुन सक्दैन ।

गर्मी मौसम सुरू भएसँगै सम्भावित डढेलोको जोखिमलाई ध्यानमा राख्दै समुदायस्तरमा पूर्वतयारी र सूचना प्रवाहका अभियान सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । "डढेलो लाग्न सक्छ भन्ने पूर्वसूचना र खबरदारीका लागि अभियान चलाइएको छ", भण्डारीले भन्नुभयो।

आगलागी नियन्त्रणका क्रममा जोखिमपूर्ण दुर्घटना हुन सक्ने, आगो नियन्त्रणबारे पर्याप्त जनचेतना अभाव रहेको र आवश्यक उपकरणको कमी प्रमुख समस्या रहेको उहाँले औँल्याउनुभयो ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताउनुभएको छ। उहाँका अनुसार जहाँ वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन नभएका क्षेत्रमा समस्या जटिल बन्दै गएको छ । "वन व्यवस्थापन भएको ठाउँमा डढेलो कम हुन्छ, संरक्षण पनि राम्रो हुन्छ, र स्थानीयस्तरमा रोजगारी तथा आम्दानीका अवसर पनि बढ्छन्", उहाँले भन्नुभयो, "तर, वन व्यवस्थापन अझै पनि राज्यको प्राथमिकतामा पर्न सकेको छैन ।" रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८०६६१३३४०
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

स्वास्थ्य अमूल्य सम्पत्ति हो,
यसको रक्षा गरौं ।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाईमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वास्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter

**Tara Nath Dahal**
x.com/tndahal7



सांसदहरू-सार्वभौम नागरिकका प्रतिनिधि हुन। दलका होईनन। दल त निर्वाचनमा जाने माध्यम र संसदमा सामुहिक प्रतिनिधित्वको प्लेटफर्म हो।सार्वभौम सांसदले दलको कठोर बन्धनमा रहनुपर्छ भन्न मिल्दैन। तर सांसदहरू उत्तरदायी हुनैपर्छ- आफ्ना वाचाहरू र दलका घोषापत्र प्रति। संसदीय संस्कृति बुझौँ ।

**Birat Aanupam**
x.com/birat_anupam



नेपालसँगैका दक्षिण एसियाली देशहरु श्रीलंका, पाकिस्तानले हप्तामा तीन दिन बिदा दिए । इन्धन प्रयोगमा कमी ल्याउने कार्यक्रम थालनी गरिसके । सुशीला कार्की भने आफ्ना प्रमुख स्वकीयको नियुक्ति र पदबहालीमा व्यस्त छिन् । राष्ट्रपति बन्ने लाइनमा व्यस्त छिन् ।

**dambar khatiwoda**
x.com/dambarkhatiwoda



गगनको राजिनामाले उनलाई करिअर घाटा होला तर सुसभ्य राजनीतिक संस्कृति र नैतिक मूल्य प्रणालीको कसीमा उचित नै हो। गणेशमानले प्रधानमन्त्री छोडे, मदन भण्डारी मन्त्री, पुष्पलाल संसदसम्म पनि भएनन्। तिनको कद र उच्चाई घटेन। गगनलाई कांग्रेस कै बुढो पुस्ता, समय र नियतिले रेट्यो- त्यति हो।

# संविधानको धारा ७६(१) अनुसारको सरकार गठन हुँदै

**रासस**/काठमाडौं

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम आइसकेको छ । निर्वाचन आयोगले आज राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाएको छ । निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्नेछ। पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कुल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी हुनुभएको छ । रास्वपाबाट प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित हुनुभएको छ । नेपाली कांग्रेसबाट ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट २५, नेपाली कम्युनिष्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित हुनुभएको छ।

नेपालको संविधानको धारा, ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा, ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ', भन्ने उल्लेख छ । राष्ट्रिय स्वतन्त्र पार्टी वरिष्ठ नेता बालेन्द्र साहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा होमिएको थियो। प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । वरिष्ठ नेता शाहलाई संसदीय दलको नेताका अघि सार्ने रास्वपाको तयारी छ । रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविद्को भनाइ छ ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ । "सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसद्मा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो", संवैधानिक कानुनका ज्ञाता डा खिमलाल देवकोटाले राससँग भन्नुभयो, "त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।"

नेपालको संविधान जारी भएपछि पहिलोपटक धारा ७६ को उपधारा (१) अन्तर्गत एकल बमुहमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुन लागेको हो। "एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो", डा देवकोटाले भन्नुभयो, "अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।"

संघीय संसद् सचिवालयले यही चैत १२ गते नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । संसद् सचिवालयले आजै छवटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दैछ। छलफलमा सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी हुनेछ । निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ । आयोगले विहीबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।

निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको डा देवकोटाले बताउनुभयो । संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ ।

उपधारा (१)मा लेखिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नेछ। त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समयसमयमा दुबै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ ।" संसद्को पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने र सात दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया अघि बढ्नेछ । अबको संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनमा बस्नेछ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४